निर्णयहरु

देहाय बमोजिम निर्णय गरियो ।

१. विगतमा गरिएका निर्णयहरुको कार्यान्वयन समीक्षा गरियो । कार्यान्वयन हुन नसकेकका निर्णयहरु यथाशिघ्र सबै सरोकारवाला निकायहरुले कार्यान्वयन गर्ने गराउने ।

२. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ छपाई गरी प्राप्त भएको छ । उक्त तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग गर्ने नेपाल रेडक्रस सोसाइटी मुगु, UMN, हिमाली ग्रामिण यूवा समाज विकास केन्द्र, सहास नेपाल, PACE, Nepal, KIRDARC, INF लगायत सबै सरोकारवाला व्यक्ति/संस्थाहरुलाई धन्यावाद ज्ञापन गर्ने ।

३. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ सबै पालिका/वडा लगायत सबै सरोकारवालाहरुलाई यथाशिघ्र वितरण गर्ने । सो अनुरुप सबै पालिकाहरुले पालिकास्तरको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, योजना कार्यान्वयन योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

४. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि हिमपात/चिसो आकस्मिक योजना, २०७७ तयार भई पेश हुन आएकाले सो लाई स्वीकृत गरी सबै सरोकारवालाहरुले प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने । सबै पालिकाहरुले यसैलाई आधार मानी पालिकास्तरको हिमपात/चिसो आकस्मिक योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

५. हिमपातको समय आएकाले सोको पूर्वतयारीका लागि निम्न कार्यहरु सबै सरोकारवाला निकायहरुले गर्ने गराउने ।

   क. स्वास्थ्य सेवा कार्यालय, सबै स्थानीय तहहरुले यस अवधिभर आवश्यक पर्ने औषधी/उपकरण आदि हिमपात पूर्व नै खरिद गरी भण्डारण एवं वितरणकव व्यवस्था गर्ने ।

   ख. यस जिल्लाका लागि आवश्यक पर्ने खाद्यान्न लगायत उपभोग्य सामाग्रीहरु हिमपात पूर्व नै आपूर्ति गरी पर्याप्त मौज्दातको अवस्थामा राख्ने ।

   ग. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ को पेज नं. ५४ मा उल्लेखित वडास्तरलाई अति आवश्यक खोज एवं उद्धार तथा राहातका समाग्रीहरु खरिद नगरेको भए यथाशिघ्र खरिद गरी सबै वडा कार्यालयहरुमा राख्नका लागि जिल्ला स्थित सबै पालिकाहरुलाई अनुरोध गर्ने । उक्त सामाग्रीहरु मौज्दात रहेको नरहेको विषयमा प्रमुख प्रशासकीय अधिकृतले ७ दिन भित्र जिल्ला प्रशासन कार्यालय र नजिकको सुरक्षा निकायहरुमा जानकारी गराउने ।

   घ. सबै स्थानीय तहहरुले आफ्नो विपद् व्यवस्थापन कोषहरुमा पर्याप्त मौज्दातको व्यवस्था गर्ने । उक्त कोषको रकम विपद् पर्नासाथ प्रयोग गर्ने अवस्थामा राख्ने ।

   ङ. सबै स्थानीय तहहरुले चिसो/ हिमपातबाट बच्नका लागि न्यानो कपडा, न्यानो ओड्नेहरु, राहातका समाग्रीहरु हिमपात हुनु पूर्व नै खरिद गरी पर्याप्त मौज्दातको व्यवस्था गर्ने । जिल्ला स्थित

आवश्यक सहयोग गर्ने । यसरी वितरण गरेका उद्धार र राहात सामाग्रीहरुको जानकारी जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र सम्बन्धित पालिकाहरुमा अनिवार्य रुपमा जानकारी गराउने ।

च. नेपाल रेडक्रस सोसाईटी मुगु लगायत सबै सामाजिक संघ संस्थाहरुले उद्धार तथा राहात समाग्रीहरु तयारी अवस्थामा राखे । स्थानीय तहहरुमा हिमपात हुनु पूर्व उक्त सामाग्रीहरु पुऱ्याउने व्यवस्था गर्ने ।

छ. जिल्लामा QRT तयारी अवस्थामा राखे सवै पालिकाहरुले आ-आफ्नो पालिकाहरुमा सबै सरोकारवालाहरु समावेश गरी QRT गठन गरी जुनसुकै बखत परिचालन हुन सक्ने गरी तयारी अवस्थमा राखे ।

ज. सबै सुरक्षा निकायहरुले जुनसुकै बखत परिचालन हुन सक्ने गरी कम्तिमा २५/२५ जनाको QRT तयारी अवस्थामा राखे । जिल्लामा सबै सुरक्षा निकाय, रेडक्रस, स्वास्थ्यकर्मी सहितको टिम जुनसुकै बखत परिचालन गर्नसक्ने व्यवस्था जिल्ला प्रशासन कार्यालयले मिलाउने ।

झ. स्वास्थ्य सेवा कार्यालयले चिकित्सक सहितको स्वास्थ्य कर्मीहरुको टीम जुनसुकै बखत परिचालन गर्ने सक्ने गरी तयारी अवस्थामा राखे ।

ञ. जिल्ला विपद् पर्वतयारी तथा प्रतिकार्य योजना २०७७ र हिमपात/चिसो आकस्मिक योजना २०७७ अनुसार कलस्टर अनुसार विषयगत कार्यालयहरु, संघ संस्थाहरुले आ-आफ्नो जिम्मेवारी अनुसार तयारी/ पूर्वतयारी गर्ने गराउने ।

६. कोभिड-१९ को संक्रमण नियन्त्रण तथा मनसुनको समयमा भएको क्षति अनुरुप वितरणको गरिएको तपशिल अनुसारको रकम अनुमोदन गर्ने ।

क. वाढि पिडितहरुलाई राहात वितरण - रु.२,४५,०००।-

ख. नेपाल रेडक्रस सोसाईटी मुगुलाई एम्बुलेन्स खरिदका लागि - रु.१०,००,०००।-

ग. स्वास्थ्य सेवा कार्यालय मुगुलाई VTM किट खरिदका लागि - रु. ५,००,०००।-

घ. कोभिड-१९ को संक्रमण फैलन नदिन सचेतना सम्वन्धि फेलेक्स तथा अन्य पर्चा पम्पेलेट छपाई कार्यका लागि - रु. ९००००।-

जम्मा - रु. १८,३५,०००।-

७. जिल्लामा कोभिड-१९ को संक्रमण नियन्त्रण एवं रोकथाममा सक्रिय रुपमा लाग्नु हुने स्वासथ्यकर्मी, सुरक्षाकर्मी, राजनीतिक दल, राष्ट्र सेवक कर्मचारी, जनप्रतिनिधी एवं कर्मचारीहरु, सबै स्थानीय तह, व्यापारी, नेपाल रेडक्रस लगायत सबै समाजिक संघ संस्था, संचारकर्मी, नागरिक समाज लगायत सबैमा धन्यवाद ज्ञापन गर्ने ।

८. कोभिड-१९ को संक्रमण रोकथाम एवं नियन्त्रणका लागि DCCMC ले हालसम्म गरेका निर्णयहरु अनुमोदन गर्दै उक्त निर्णयहरु प्रभावकारी कार्यान्वयन गर्न सबै सरोकारवाला निकाय/ व्यक्तिहरुलाई निर्देशन दिने ।

९. हिमपात/चिसो आकस्मिक योजना, २०७७ का लागि कम्तिमा ५,००,०००।- (पाँच लाख) रकम उपलब्ध गराई दिन गृह मन्त्रालयलाई अनुरोध गर्ने ।